# वित्तीय समावेशीकरण नीति, २०८१
# (Financial Inclusion Policy, 2024)

**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं

वैशाख, २०८१

# विषय सूची


| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | उद्देश्य | २ |
| ३. | विद्यमान अवस्था | २ |
| ४. | वित्तीय समावेशीकरण नीति | ३ |
| | ४.१ समावेशी वित्तीय पहुँच | ३ |
| | ४.२ वित्तीय साक्षरता | ३ |
| | ४.३ वित्तीय शिक्षा | ४ |
| | ४.४ वित्तीय ग्राहक संरक्षण | ४ |
| | ४.५ डिजिटल प्रविधिमा नवप्रवर्तन | ४ |
| | ४.६ लघु साना तथा मझौला उद्योग/व्यवसायलाई प्रवर्धन | ४ |
| | ४.७ लैङ्गिक तथा वातावरणमैत्री बैङ्किङ प्रवर्धन | ४ |
| | ४.८ दिगो र फराकिलो आर्थिक विकास | ४ |
| | ४.९ वित्तीय पूर्वाधारको विकास | ५ |
| | ४.१० वित्तीय आचरणसम्बन्धी नियामकीय भूमिका | ५ |
| | ४.११ साझेदारी र सहकार्य | ५ |
| | ४.१२ तथ्याङ्क सङ्कलन, विश्लेषण तथा मूल्याङ्कन | ५ |
| | ४.१३ आवधिक सर्वेक्षण र मापन | ५ |
| ५. | प्राथमिकता क्षेत्र | ५ |
| ६. | वित्तीय समावेशीकरण नीति कार्यान्वयन | ६ |
| | अनूसूची | ७ |

## १. पृष्ठभूमि

नेपालमा औपचारिक वित्तीय सेवाको सुरुआत वि.सं. १९९४ मा नेपाल बैंकको स्थापनासँगै भएको हो । वित्तीय क्षेत्रको नियामक निकायको रूपमा वि.सं. २०१३ मा नेपाल राष्ट्र बैंकको स्थापना भयो भने वि.सं. २०१६ मा नेपाल औद्योगिक विकास निगम र वि.सं. २०१९ मा सहकारी संस्थाहरूलाई कर्जा उपलब्ध गराउन सहकारी बैंकको स्थापना भयो । वि.सं. २०२२ मा पूर्ण सरकारी स्वामित्वको दोस्रो वाणिज्य बैंकको रूपमा राष्ट्रिय वाणिज्य बैंकको स्थापना भयो । कृषि क्षेत्रको विकासको लागि कृषि कर्जाका साथै प्राविधिक सेवा तथा कृषि सामग्री उपलब्ध गराउने उद्देश्यले कृषि विकास बैंङ्क ऐन, २०२४ बमोजिम वि.स. २०२४ सालमा कृषि विकास बैंकको स्थापना भई सहकारी बैंकलाई समेत उक्त बैंकमा गाभिएको थियो ।

वाणिज्य बैंकहरूमार्फत वि.सं. २०३१ मा साना क्षेत्र कर्जा कार्यक्रम (Small Sector Lending Programme) जसलाई पछि प्राथमिकता क्षेत्र कर्जा (Priority Sector Lending-PSL) मा रूपान्तरण गरी निक्षेपको ७ प्रतिशत कर्जा यस्तो क्षेत्रमा प्रदान गर्नुपर्ने व्यवस्था गरियो । कृषि विकास बैंकले वि.सं. २०३२ (सन् १९७५) मा साना किसान विकास कार्यक्रम (Small Farmers Development Programme-SFDP) को सुरुआत गरेपश्चात् ग्रामीण क्षेत्रका बेरोजगार, न्यून आयवर्ग, परम्परागत कृषि पेसामा लागेका व्यक्तिका लागि लघुकर्जाको माध्यमबाट आयआर्जन सृजना गरी सामाजिक तथा आर्थिक स्थिति सुधार गर्न देशभरि नै साना किसान विकास कार्यक्रमको विस्तार भएको थियो ।

नेपाल राष्ट्र बैंकले वि.सं. २०३८ मा सघन बैङ्किङ कार्यक्रम (Intensive Banking Programme–IBP) लागु गऱ्यो । जसमा कम आय भएका वर्गलाई कुल कर्जाको ८ प्रतिशत कर्जा लगानी गर्ने व्यवस्था गरेको र वि.सं.२०४६ मा यसलाई बढाएर १२ प्रतिशत पुऱ्याइएको थियो ।

सरकारले आर्थिक उदारीकरण नीति अवलम्बन गरे सँगै संयुक्त विदेशी लगानी (Foreign Joint Venture) बैंकको रूपमा वि.सं. २०४१ मा नेपाल अरब बैंक लि. (हालको नबिल बैंक लि.), वि.सं.२०४२ मा नेपाल इन्डोस्वेज बैंक लिमिटेड (हालको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड) र वि.सं. २०४३ मा नेपाल ग्रिण्डलेज बैंक लिमिटेड (हालको स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड) को स्थापना भएको हो ।

वि.सं.२०४० को दशकसम्म २/२ वटा वाणिज्य बैंक र विकास बैंक रहेकामा वित्त कम्पनी ऐन, २०४० बमोजिम वि.स. २०४९ मा नेपालको पहिलो वित्त कम्पनीको रूपमा नेपाल आवास विकास वित्त कम्पनी लि. को स्थापना भएको थियो ।

आ.व. २०४९/५० मा ग्रामीण विकास बैंक मोडल भित्रिएसँगै तत्कालीन पाँचै विकास क्षेत्रमा सरकार तथा नेपाल राष्ट्र बैंक समेतको लगानीमा ग्रामीण विकास बैंकहरू स्थापना भए । त्यसैगरी विकास बैंकको प्रवर्धन तथा निजी क्षेत्रको लगानीमा सञ्चालन गर्न पाउने व्यवस्थासहित वि.सं.२०५२ मा विकास बैंक ऐन जारी भई राष्ट्रिय/क्षेत्रीय/जिल्ला तहमा विकास बैंकहरूको स्थापना गर्ने कार्य सुरु भएको थियो ।

वि.सं. २०५७ असारमसान्तमा वाणिज्य बैंकको सङ्ख्या १३, विकास बैंकको सङ्ख्या ७, वित्त कम्पनीको सङ्ख्या ४७ र लघुवित्त वित्तीय संस्थाको सङ्ख्या ७ गरी कुल संस्था ७४ रहेका थिए । वित्तीय क्षेत्र सुधार कार्यक्रम, नेपाल राष्ट्र बैंक ऐन, २०५८, ऋण असुली ऐन, २०५८ साथै ऋण असुली न्यायाधिकरणको स्थापना र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ जारी भएबाट

वित्तीय समावेशीकरणका लागि बलियो संरचनाको निर्माण भएको देखिन्छ । वि.सं. २०६७ सम्ममा वाणिज्य बैंकको सङ्ख्या २७, विकास बैंकको सङ्ख्या ७९, वित्त कम्पनीको सङ्ख्या ७९ र लघुवित्त वित्तीय संस्थाको सङ्ख्या १८ गरी कुल २०३ बैंक तथा वित्तीय संस्था स्थापना भएका थिए ।

नेपाल राष्ट्र बैंकले 'क' वर्गका वाणिज्य बैंक ३३, 'ख' वर्गका विकास बैंक १०९, 'ग' वर्गका वित्त कम्पनी ८७, 'घ' वर्गका लघुवित्त वित्तीय संस्था १०१ र पूर्वाधार बैंक १ गरी कूल ३३१ वटा संस्थालाई इजाजतपत्र प्रदान गरेकोमा बैंक तथा वित्तीय संस्थाहरूको सबलीकरण तथा वित्तीय समावेशीकरणलाई दिगो बनाइराख्न गाभ्ने/गाभिने तथा प्राप्ति नीतिको कार्यान्वयनपश्चात् २०८० असारमसान्तमा वाणिज्य बैंकको सङ्ख्या २०, विकास बैंकको सङ्ख्या १७, वित्त कम्पनीको सङ्ख्या १७, लघुवित्त वित्तीय संस्थाको सङ्ख्या ५७ र पूर्वाधार बैंक १ गरी कुल संस्था ११२ रहेको देखिन्छ । सोही समयमा, भुक्तानी सेवा सञ्चालक संस्थाको सङ्ख्या १०, भुक्तानी सेवा प्रदायक संस्थाको सङ्ख्या २७, कनेक्ट आईपिएस (connectIPS) मा आबद्ध संस्था ११५ र भुक्तानी सेवा प्रदायक संस्थाका एजेन्ट सङ्ख्या १४,१२३ रहेको देखिन्छ । २०८० असार मसान्तमा विप्रेषण कम्पनी कुल ३६ वटा रहेका थिए भने ती कम्पनीहरूसँग सम्झौता गरी विप्रेषण रकम भुक्तानी गर्न फर्म, कम्पनी एवम् संस्थाहरूलाई सब-एजेण्टको रूपमा कार्य गर्न सक्ने व्यवस्था गरिएको छ ।

वित्तीय पहुँच तथा साक्षरता र वित्तीय समावेशीकरण अभिवृद्धिका लागि विगतदेखि नै नेपाल सरकार, नियामक निकाय तथा अन्य सरोकारपक्षबाट आवश्यकताअनुरूप कार्यक्रमहरू कार्यान्वयन हुँदै आएका छन् । नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन) मा उल्लिखित नेपाल राष्ट्र बैंकको उद्देश्यमा र नेपालको पन्ध्रौं आवधिक योजना (आ.व.२०७६/७७ - २०८०/८१) को मौद्रिक तथा वित्तीय क्षेत्रको उद्देश्यमा समेत वित्तीय समावेशीकरणको अभिवृद्धि अपरिहार्य रहेको सन्दर्भ उल्लेख भएबाट समेत प्रष्ट हुन्छ ।

## २. उद्देश्य

वित्तीय स्थायित्वलाई मध्यनजर गर्दै वित्तीय सेवाको विस्तार, प्रगाढता (Deepening) अभिबृद्धिका साथै वित्तीय साक्षरता प्रवर्धन र वित्तीय ग्राहक संरक्षणमार्फत वित्तीय समावेशीकरण प्रवर्धन गर्नु यस नीतिको उद्देश्य रहेको छ ।

## ३. विद्यमान अवस्था

नेपाल राष्ट्र बैंकबाट वि.सं. २०७८ मा गरिएको अध्ययन Financial Access in Nepal प्रतिवेदनअनुसार वि.सं. २०७७ असार महिनासम्म कम्तीमा एक व्यक्ति एक खाताको आधारमा ६७.३ प्रतिशत जनसख्याको बैंक तथा वित्तीय संस्थामा ("क", "ख" र "ग" वर्गमा) खाता रहेको देखिएको छ । नेपाल राष्ट्र बैंकले वि.सं. २०७६ मा गरेको संक्षिप्त अध्ययन प्रतिवेदनमा नेपालको कुल जनसङ्ख्याको ६०.९ प्रतिशत जनसङ्ख्या औपचारिक वित्तीय सेवामा समावेश भएको देखिएको थियो ।

नेपाल राष्ट्र बैंकले वि.सं. २०७९ मा प्रकाशन गरेको Baseline Survey on Financial Literacy in Nepal मा नेपालको वित्तीय समावेशीकरणको स्थिति प्रस्तुत गरिएको छ । उक्त सर्वेक्षणमा वयस्क जनसङ्ख्याको वित्तीय सेवाको प्रयोगका सूचकहरूमा सर्वाधिक (८६.६४ प्रतिशत) ले बचत, लगानी वा अवकाश उपकरण, ७३.७८ प्रतिशतले भुक्तानी उपकरण, ४६.३४ प्रतिशतले ऋण

उपकरण र ३०.०२ प्रतिशतले मात्र बीमा सेवा प्रयोग गरेको पाइएको छ। सर्वेक्षणमा ४६.३४ प्रतिशत वयस्क जनसङ्ख्याले कर्जा प्रयोग गरेको पाइएको छ भने जम्मा १७.६० प्रतिशतले मात्र बैंक कर्जा उपयोग गरेका छन् र अझै पनि ७१.८३ प्रतिशत जनसङ्ख्या आफ्नो आर्थिक आवश्यकता पूरा गर्न परिवार तथा साथीभाइमा निर्भर रहेको देखिएको छ।

वि.स. २०८० असार मसान्तसम्म बझाङको साइपालबाहेक सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेसँगै बैंक तथा वित्तीय संस्थाको शाखा सञ्जाल ११ हजार ५ सय ८९ पुगेको छ। त्यसैगरी, सोही अवधिमा डिजिटल वालेट (Digital Wallet) प्रयोगकर्ता सङ्ख्या १,८९,४१,७९३, मोबाइल बैङ्किङ (Mobile Banking) ग्राहक सङ्ख्या २,१३,६३,९८९, इन्टरनेट बैङ्किङ (Internet Banking) ग्राहक सङ्ख्या १८,५६,१९५, कनेक्ट आईपिएस (connectIPS) प्रयोगकर्ता सङ्ख्या ११,०८,४३६ रहेका छन्। सोही अवधिमा एटीएम सङ्ख्या ४८५५, मोबाइल बैंकिङ प्रयोगकर्ता २ करोड १३ लाख ६४ हजार, निक्षेप खाता सङ्ख्या ५ करोड ११ लाख ७८ हजार पुगेको र कर्जा खाता सङ्ख्या १८ लाख ४५ हजार नाघेको देखिन्छ। साथै, डेबिट कार्ड लिनेको सङ्ख्या १ करोड ८ लाख ५६ हजार ३ सय ७५ र क्रेडिट कार्ड लिनेको सङ्ख्या २ लाख ३८ हजार ७ सय ९५ पुगेको छ।

समावेशीकरणका यी विभिन्न आयामहरूलाई मध्यनजर गर्दा, समावेशीकरणको उद्देश्यलाई निकै महत्वका साथ अघि बढाउनुपर्ने र यसका लागि अवलम्बन गरिने विभिन्न कार्यक्रमहरू र जारी गरिने निर्देशन तथा मार्गदर्शनहरूमा तादात्म्य हुनुपर्ने देखिन्छ।

## ४. वित्तीय समावेशीकरण नीति

वित्तीय समावेशीकरणको सम्बन्धमा विगतमा तर्जुमा गरिएका योजना तथा कार्यक्रम र त्यसको कार्यान्वयनको क्रममा जारी गरिएका निर्देशन र अभ्याससमेतका आधारमा निम्न बमोजिमको वित्तीय समावेशीकरण नीति अवलम्बन गरिएको छ :

### ४.१ समावेशी वित्तीय पहुँच

देशको दूरदराजसम्म बैंक तथा वित्तीय संस्थाको उपस्थितिबाट वित्तीय सेवाको विविधीकरणमार्फत यस्ता सेवालाई व्यापक र सर्वसुलभ बनाउनुका साथै डिजिटल वित्तीय सेवा (प्रविधिमैत्री वित्तीय सेवा) को उपलब्धता, पहुँच र प्रयोगको लागि प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गरेर वित्तीय सेवाको समावेशी पहुँचलाई गुणात्मक रूपमा वृद्धि गर्ने।

### ४.२ वित्तीय साक्षरता

वित्तीय साक्षरताको अभावमा वित्तीय पहुँचबाट वञ्चित तथा सीमित पहुँच पुगेका व्यक्ति, वर्ग, समुदाय र क्षेत्रलाई लक्षित गरेर वित्तीय शिक्षा तथा सचेतनासम्बन्धी कार्यक्रम आयोजना गर्ने, जनचेतनामूलक सामग्रीहरू जस्तैः पुस्तक, डिजिटल ब्यानर, श्रव्यदृश्य सामग्री आदि निर्माण गरी रेडियो, टेलिभिजन, वेवसाइट तथा सामाजिक सञ्जालजस्ता उपयुक्त माध्यमबाट प्रसारण गरी वित्तीय साक्षरता अभिवृद्धि गर्ने। साथै, वैदेशिक रोजगारमा जाने नेपालीहरू तथा तिनका परिवारलाई औपचारिक बैङ्किङ प्रणालीमार्फत विप्रेषण रकम पठाउने र प्राप्त गर्ने बारे चेतनामूलक कार्यक्रम आयोजना गर्ने।

## ४.३ वित्तीय शिक्षा

वित्तीय शिक्षालाई समयसापेक्ष ढङ्गले विस्तार गर्न र यसको प्रभावकारिता अभिवृद्धि गर्दै जान विद्यालय र कलेजस्तरको पाठ्यक्रममा बैङ्किङ, वित्त, अर्थशास्त्र, उद्यमशीलता, डिजिटल वित्तीय सेवा, डिजिटल कारोबार जस्ता विषय समावेश गर्ने ।

## ४.४ वित्तीय ग्राहक संरक्षण

वित्तीय ग्राहकको संरक्षणको लागि ग्राहकको अधिकार सुनिश्चित गर्नको साथै वित्तीय कारोबारमा ग्राहकप्रतिको व्यवहार समान, निष्पक्ष, पारदर्शी र न्यायोचित हुने वातावरण तयार गर्ने ।

## ४.५ डिजिटल प्रविधिमा नवप्रवर्तन

नविनतम डिजिटल वित्तीय सेवा सर्वसुलभ र सहजरूपमा सञ्चालन गर्नका लागि आवश्यक Sand Box, Innovation Hub जस्ता पूर्वाधारमा लगानी बढाउँदै वित्तीय सेवालाई डिजिटलाइजेशन गर्दै जाने । साथै, वित्तीय सेवालाई प्रविधिमैत्री तथा ग्राहकमैत्री बनाउन आवश्यकताअनुसार विभिन्न निकायहरू जस्तैः नेपाल सरकार, नियामक निकाय, बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवाप्रदायकलगायत अन्य संस्थासँग सहकार्य गर्ने ।

## ४.६ लघु साना तथा मझौला उद्योग/व्यवसायलाई प्रवर्धन गर्ने

उद्यमशीलता विकास, व्यावसायिक क्षमता विकास, पूर्वाधार तथा प्रविधिको विकास, लगानीमैत्री वातावरणको निर्माण, उपयुक्त किसिमको ऋण तथा न्यून ब्याजको व्यवस्थाका साथै विभिन्न निकायबाट प्रवाह हुने सेवालाई प्रविधिमैत्री बनाई बैङ्किङ प्रणालीमा लक्षित ग्राहकको पहुँच वृद्धि गर्नुको साथै प्रक्रियागत सरलीकरण गरी लघु, साना तथा मझौलास्तरका उद्योग, व्यापार तथा व्यवसायलाई प्रोत्साहन गर्ने ।

## ४.७ लैङ्गिक तथा वातावरणमैत्री बैङ्किङ प्रवर्धन

दिगो र समावेशी वित्तीय प्रणालीको विकासका लागि समाजका सम्पूर्ण नागरिकमा सर्वसुलभ औपचारिक वित्तीय सेवाको पहुँच पुऱ्याउन व्यक्तिगत, सामाजिक, सांस्कृतिक, लैङ्गिक, लोपोन्मुख जातजाति र फरक किसिमले सक्षम भएका आदि जुनसुकै कारणबाट औपचारिक वित्तीय सेवाबाट वञ्चित भएका व्यक्तिलाई लक्षित गरी बैङ्किङ सेवाको पहुँचमा अभिवृद्धि गर्ने ।

## ४.८ दिगो र फराकिलो आर्थिक विकास

दिगो र फराकिलो आर्थिक विकासका लागि राष्ट्रले परिलक्षित गरेका आर्थिक विकासका सूचकहरू साथै दिगो विकास लक्ष्यहरू (Sustainable Development Goals)[१] सँग तादात्म्य हुने गरी वित्तीय समावेशीकरणका कार्यहरू अघि बढाउने ।

---

१ मुख्यतः दिगो विकास लक्ष्य १: गरिबीको अन्त्य; लक्ष्य ५: लैङ्गिक समानता ; लक्ष्य ८: मर्यादित काम र आर्थिक वृद्धि ; लक्ष्य ९: उद्योग, नवीन खोज र पूर्वाधार ; लक्ष्य १०: असमानता न्यूनीकरण; र लक्ष्य १३: जलवायुमा पहलसँग सम्बन्धित ।

### ४.९ वित्तीय पूर्वाधारको विकास

वित्तीय साक्षरता र समावेशिता अभिवृद्धि गर्न, डिजिटल भुक्तानीका माध्यमलाई थप सहज र सर्वसुलभ तथा ग्राहकमैत्री बनाउनका लागि वित्तीय सेवाप्रदायकको क्षमता विस्तार साथै आवश्यक भौतिक र प्राविधिक पूर्वाधारको विकासका लागि आवश्यक समन्वय गर्ने ।

### ४.१० वित्तीय आचरणसम्बन्धी नियामकीय भूमिका

वित्तीय ग्राहक हित संरक्षणको लागि नियामकीय दृष्टिकोणबाट आवश्यक कानुनी पूर्वाधारः ऐन, विनियम, कार्यविधि, मागदर्शन एवम् निर्देशन तर्जुमा गर्नुका साथै उक्त प्रावधानको पूर्ण पालना भए नभएको सुनिश्चित गर्नको लागि वित्तीय आचरणसम्बन्धी नियामकीय र सुपरिवेक्षकीय भूमिका निर्वाह गर्ने ।

### ४.११ साझेदारी र सहकार्य

वित्तीय समावेशिता अभिवृद्धिका लागि सरोकारवाला नीति निर्माता, नियामक निकाय, सरकारी तथा निजी क्षेत्रका साथै बैंक तथा वित्तीय संस्थालगायत अन्य वित्तीय सेवा प्रदायकबीच आवश्यक साझेदारी र सहकार्य गर्ने ।

### ४.१२ तथ्याङ्क सङ्कलन, विश्लेषण तथा मूल्याङ्कन

वित्तीय समावेशिता अभिवृद्धिका लागि भएका प्रयासहरूको उत्तरदायित्व र जवाफदेहिता सुनिश्चिततताका लागि नियमित मूल्याङ्कन गर्न तथ्याङ्क सङ्कलन, विश्लेषण र समग्र मूल्याङ्कन गर्ने ढाँचाको विकास गर्ने ।

### ४.१३ आवधिक सर्वेक्षण र मापन

वित्तीय समावेशीकरणका लागि भएका कार्यको लक्ष्यको समीक्षा गर्न वित्तीय सेवाको पहुँच, उपयोग र गुणस्तरको सम्बन्धमा आवधिक रूपमा सर्वेक्षण गर्ने र समावेशिता सूचकाङ्क गणना गर्ने ।

## ५. प्राथमिकता क्षेत्र

यस नीतिले देहायका क्षेत्रलाई प्राथमिकतामा राख्नेछ :

(क) वित्तीय पहुँचको विस्तार

(ख) वित्तीय सेवाको प्रयोगमा विस्तार

(ग) उद्यमशीलता तथा आर्थिक गतिविधिमा विस्तार

(घ) वित्तीय साक्षरता प्रवर्धन

(ङ) वित्तीय ग्राहकको हित संरक्षण

(च) तथ्याङ्क सङ्कलन र मापन

## ६. वित्तीय समावेशीकरण नीति कार्यान्वयन

नीति कार्यान्वयनका लागि देहायबमोजिमका कार्य गरिने छ :

६.१ राष्ट्रिय वित्तीय समावेशीकरण रणनीतिको मस्यौदा नेपाल सरकारसमक्ष पेस गरिनेछ ।

६.२ राष्ट्रिय वित्तीय समावेशीकरण रणनीतिले तय गरेका कार्ययोजना क्रमशः लागु गरिनेछ ।

६.३ यस नीति र राष्ट्रिय वित्तीय समावेशीकरण रणनीतिका विषयसमेत मध्यनजर गरी मौद्रिक नीति, वार्षिक कार्ययोजना तथा बजेट तर्जुमा गरिनेछ ।

६.४ वित्तीय समावेशिता अभिवृद्धिको लागि इजाजतपत्र तथा अनुमतिप्राप्त संस्थाका लागि यस नीतिको कार्यान्वयनमा सहयोग हुने गरी निर्देशनहरू जारी गरिनेछ ।

६.५ यस नीति कार्यान्वयनका लागि अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

# अनुसूची

## वित्तीय समावेशीकरण अभिवृद्धिको लागि हालसम्म अवलम्बन गरिएका कार्यक्रम तथा निर्देशन

(क) वि.सं.२०३१ मा वाणिज्य बैंकहरूमार्फत सानाक्षेत्र कर्जा कार्यक्रम (Small Sector Lending Programme) लागु गरिएको थियो जसमा बैंकहरूले आफ्नो निक्षेपको ५ प्रतिशत रकम साना क्षेत्र (कृषि, साना उद्योग र सेवा) मा कर्जा प्रदान गर्नुपर्दथ्यो। वि.सं.२०३३ मा यो कार्यक्रमको नाम प्राथमिकता क्षेत्र कर्जा (Priority Sector Lending- PSL) मा रूपान्तरण गरी निक्षेपको ७ प्रतिशत कर्जा लगानी गर्नुपर्ने व्यवस्था गरियो। वि.सं.२०४७ मा वाणिज्य बैंकहरूमार्फत विपन्न क्षेत्र कर्जा (Deprived Sector Lending- DSL) कार्यक्रम थालनी गरिएको थियो।

(ख) वाणिज्य बैंकहरूको शाखा विस्तारमा पहल गरी सुरुका वर्षमा दुर्गम स्थानमा शाखा खोल्दा लाग्ने खर्च शोधभर्ना दिने नीतिको परिणामस्वरूप वि.सं. २०३४ असार मसान्तसम्ममा नेपालका सबै जिल्लामा कम्तीमा एउटा वाणिज्य बैंकको शाखा पुगेको थियो।

(ग) बैंक तथा वित्तीय संस्थाको विस्तारसँगै आधुनिक बैङ्किङ सेवाको विकास भएको देखिन्छ। वि.सं. २०५२ मा हिमालयन बैंकले नेपाली डेबिट कार्ड, टेली बैङ्किङ, वि.सं. २०५९ मा कुमारी बैंकले इन्टरनेट बैङ्किङ, वि.सं. २०६१ मा लक्ष्मी बैंकले SMS Banking (Mobile Banking) भित्र्याएका थिए। यसकै निरन्तरता स्वरूप आधुनिक बैङ्किङ सेवाअन्तर्गत ABBS, Branchless Banking, Mobile Banking, ATM तथा Utility Bill Payment जस्ता सेवाको सुरुआत हुँदै गयो।

(घ) छरिएर रहेका बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनहरूलाई एकीकृत ऐनका माध्यमबाट प्रतिस्थापन गर्न वि.सं. २०६० फागुनदेखि लागु हुने गरी बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश जारी गरी सोही अध्यादेशलाई वि.सं.२०६३ मा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को रूपमा जारी गरिएको थियो। उक्त ऐनले बैंक तथा वित्तीय संस्थाहरूलाई “क” वर्ग- वाणिज्य बैंक, “ख” वर्ग- विकास बैंक, “ग” वर्ग- वित्त कम्पनी र “घ” वर्ग- लघुवित्त वित्तीय संस्थामा वर्गीकरण गरेको छ।

(ङ) वित्तीय संस्थाहरूको कारोबारलाई सहज तुल्याउन चेक क्लियरिङ, Pay Order र बैंक ड्राफ्टसम्बन्धी सेवा सदस्य बैंक तथा वित्तीय संस्थाहरूलाई दिन नेपाल राष्ट्र बैंकमा समाशोधन गृह स्थापना भयो। हाल उक्त कार्य नेपाल क्लियरिङ हाउस लिमिटेडको स्थापनापश्चात् Electronically चेक क्लियरिङ हुने गरेको छ। वि.सं. २०७३ भाद्र १ बाट Inter-Bank Payment System (IPS) को सुरुआत भएको छ।

(च) सहकारी ऐनअन्तर्गत गठित बचत तथा ऋण सहकारी संस्थाहरू र वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ अन्तर्गत गठित वित्तीय गैरसरकारी संस्थाहरू (Financial Non-governmental organisations - FINGO) लाई थोक कर्जा दिन नेपाल राष्ट्र बैंकमा ग्रामीण स्वावलम्बन कोष (Rural Self Reliance Fund- RSRF) स्थापना भयो। आ.व.२०७०/७१ मा नेपाल राष्ट्र बैंकले सीमित बैङ्किङ कारोबार गर्ने गैर सरकारी संस्थाहरूलाई लघुवित्त वित्तीय संस्थाहरूमा रूपान्तरण गर्ने नीति कार्यान्वयन गरेपश्चात् ग्रामीण स्वावलम्बन कोष आ.व.२०७६/७७ मा साना किसान विकास लघुवित्त वित्तीय संस्थामा गाभिएको थियो।

(छ) नेपाल राष्ट्र बैंकले विगतदेखि नै नगदरहित कारोबार, उपभोक्ता संरक्षण, डिजिटल भुक्तानी, बैङ्किङ प्रवर्धनका साथै वित्तीय साक्षरतामा केन्द्रित कार्यक्रम सञ्चालन गर्दै आएको छ। वि.सं. २०७४ मा नेपाल वित्तीय समावेशीकरण कार्ययोजना (Nepal Financial Inclusion Action Plan) लाई अङ्गिकार गरिएको थियो। राष्ट्रिय वित्तीय समावेशीकरण मार्गचित्र २०१७-२२ को तर्जुमा लगत्तै विकास गरिएको कार्ययोजनामा मार्गचित्रले पहिचान गरेका प्रत्येक प्राथमिकता क्षेत्रका अल्पकालीन र दीर्घकालीन रणनीतिहरू उल्लेख गरिएको थियो। वित्तीय समावेशीकरण मार्गचित्र र कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकार र केन्द्रीय बैंकका अधिकारी तथा अन्य निकायका प्रतिनिधिहरू सम्मिलित उच्चस्तरीय समिति गठन गरिएको थियो।

(ज) नेपाल सरकारको सहकार्यमा नेपाल राष्ट्र बैंकले मूल प्रवाहमा रहेका बैंकहरूमार्फत कम आय भएका जनतालाई कर्जा प्रवाह गर्नुपर्ने नीति विस्तार गर्दै दातृ निकायहरूको सहयोगमा देहायबमोजिमका आयोजना–केन्द्रित (Project-based) लघुवित्त नमुना कार्यक्रमहरू कार्यान्वयन गरेको थियो।

१. ग्रामीण महिलाको लागि उत्पादन कर्जा
(Production Credit for Rural Women, 1981-1995),

२. घरेलु तथा साना उद्योग कार्यक्रम
(Cottage and Small Industries Project, 1982-1992),

३. महिलाको लागि लघुकर्जा कार्यक्रम
(Micro-Credit Project for Women, 1993-2002),

४. सामुदायिक भूमिगत सिँचाइ क्षेत्र आयोजना
(Community Ground Water Irrigation Sector Project, 1999-2007),

५. तेस्रो पशु विकास आयोजना
(Third Livestock Development Project, 1996-2004),

६. पश्चिम तराई गरिबी निवारण आयोजना
(Poverty Alleviation Project in Western Terai, 1997-2004),

७. ग्रामीण लघुवित्त आयोजना
(Rural Micro-Finance Project, 1999- 2005),

८. वित्तीय पहुँच वृद्धि आयोजना
(Enhancing Access to Finance Project, 2008-2013),

९. साना र मध्यम किसानको आयवृद्धि आयोजना
(Raising Income of Small and Medium Farmers Project, 2011-2019),

१०. उन्नति–वित्तीय पहुँच
(UNNATI-Access to Finance, 2013-2018) र

११. ग्रामीण क्षेत्रमा दिगो आर्थिक विकास कार्यक्रम
(Sustainable Economic Development in Rural Areas SEDRA I, II, III)

(झ) ECC, IPS, RTGS, Mobile Banking, Internet Banking, Wallet लगायतका अन्य भुक्तानी तथा फर्छ्यौटसम्बन्धी सेवालाई प्रवर्धन तथा नियमन गर्नका लागि वि.सं.२०७२ मा भुक्तानी तथा फर्छ्यौट विभाग स्थापना गरी वि.सं २०७३ मा नाम परिवर्तन गरी भुक्तानी प्रणाली विभाग कायम भएको हो।

(ञ) बैंक तथा वित्तीय संस्थाका ग्राहकहरूको कर्जासम्बन्धी जानकारी सङ्कलन, सञ्चय तथा प्राप्त जानकारी बैंक तथा वित्तीय संस्थाहरूलाई प्रदान गर्न वि.सं. २०४६ मा कर्जा सूचना केन्द्र लिमिटेडको स्थापना भएको थियो ।

(ट) मागपक्ष (सेवाग्राही) लाई सुविधा प्रदान गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई आधारभूत बैङ्किङ सेवा जस्तैः खाता खोल्दा, चेक जारी गर्दा (Good for Payment चेकसमेत), चेकको Stop Payment गर्दा, मौज्दात प्रमाणित गर्दा (Balance Certification), खाता सञ्चालन गर्दा, खाता बन्द गर्दा, स्टेटमेन्ट दिँदा, विप्रेषण रकम खातामा जम्मा गर्दा, ग्राहकको निष्क्रिय खाता सक्रिय गराउँदा, एबीबीएस, विद्युतीय कार्डहरू जारी गर्दा सुरुमा लिइने शुल्कबाहेक त्यस्तो कार्डको अवधि समाप्त नहुञ्जेलसम्म नवीकरण लगायतका सेवा प्रदान गर्दा ग्राहकबाट कुनै किसिमको सेवा शुल्क लिन नपाउने व्यवस्था गरेको छ ।

(ठ) नेपाल राष्ट्र बैंकको चौंथो रणनीतिक योजना (Strategic Plan 2022-26) को Pillar 2: Regulation and Supervision अन्तर्गत Objective 7 मा Enhance Financial Literacy, Inclusion and Access to Finance उल्लेख छ । साथै, Strategy 1 : Promoting Financial Inclusion र Strategy 2 : Increasing Access to Finance रहेको छ । रणनीतिक योजनामा महत्वका साथ उल्लेख हुनुले पनि वित्तीय साक्षरता, वित्तीय पहुँच र वित्तीय समावेशीकरणको अपरिहार्यतालाई थप पुष्ट्याई गर्दछ ।

(ड) वित्तीय समावेशिता तथा साक्षरताको प्रवर्धनका लागि नेपाल राष्ट्र बैंकले वि.सं.२०६६ मा Alliance for Financial Inclusion (AFI) र वि.सं. २०७० मा Child and Youth Finance International (CYFI) को सदस्यता प्राप्त गरेको थियो । साथै, प्रत्येक वर्ष विविध कार्यक्रम गरी Global Money Week समेत मनाउँदै आइरहेको छ ।

(ढ) वित्तीय ग्राहक हित संरक्षणको प्रत्याभूति मार्फत समावेशीकरण अभिवृद्धि गर्ने उद्देश्ले नेपाल राष्ट्र बैंक, वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापन कार्यविधि, २०७७ जारी भएको छ ।

(ण) यस बैंकबाट वित्तीय साक्षरताका कार्यक्रमहरूको थप प्रभावकारिताका लागि वित्तीय साक्षरता रूपरेखा (Financial Literacy Framework, 2022) जारी भएको छ । साथै, यो रूपरेखा कार्यान्वयनको लागि वित्तीय साक्षरता मार्गदर्शन, २०७९ जारी भई कार्यान्वयनको क्रममा रहेकोछ ।

(त) बैंक तथा वित्तीय संस्था नियमन विभागमा रहेको गुनासो व्यवस्थापन सम्बन्धी कार्य, वित्तीय ग्राहक संरक्षणसम्बन्धी कार्य र वित्तीय समावेशिता पोर्टल व्यवस्थापनसम्बन्धी कार्य, लघुवित्त संस्था सुपरिवेक्षण विभागमा रहेको वित्तीय समावेशिता इकाई तथा दातृ निकायको सहयोगमा सञ्चालन गरिएका परियोजना र गभर्नरको कार्यालयमा रहेको वित्तीय साक्षरता इकाइबाट हुने कार्यलाई एकत्रित रूपले सञ्चालन गर्न गभर्नरको कार्यालयअन्तर्गत वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखा स्थापना भएको छ ।

(थ) "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशनको निर्देशन नं. २० मा वित्तीय ग्राहक संरक्षण तथा वित्तीय साक्षरतासम्बन्धी व्यवस्था रहेको छ । यस निर्देशनमा पारदर्शिता, सरल भाषाको प्रयोग, सूचनासम्बन्धी व्यवस्था, सरल बैङ्किङ, वित्तीय सेवाको शुल्क तथा शर्त परिवर्तन, गुनासो सुनुवाई, वित्तीय साक्षरता, गोपनीयता एवम् तथ्याङ्क संरक्षणसम्बन्धी व्यवस्थाहरू रहेका छन् ।

(द) “घ” वर्गको लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशनको निर्देशन नं.१९ मा वित्तीय ग्राहक संरक्षणसम्बन्धी व्यवस्था रहेको र यस अन्तर्गत बैंक तथा वित्तीय संस्थाले ग्राहकलाई उपलब्ध गराउने सेवा, सर्त, शुल्क, कमिशन, ब्याजदर, जरिवाना, हर्जानासम्बन्धी व्यवस्थाहरू रहेका छन् । साथै, नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ मा ग्राहक संरक्षण कोष (Client Protection Fund) सम्बन्धी व्यवस्था गरिएको छ ।

(ध) भुक्तानी प्रणालीसम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त संस्थाहरूका लागि जारी गरिएको निर्देशनको निर्देशन नं.१३ मा ग्राहक हित संरक्षणसम्बन्धी व्यवस्था गरिएको छ । यस निर्देशनमा पारदर्शितासम्बन्धी व्यवस्था, कारोबार तथा शुल्कसम्बन्धी व्यवस्था, सेवाग्राहीसँग गरिने व्यवहारसम्बन्धी व्यवस्था, गुनासो सुनुवाइ, विद्युतीय भुक्तानी साक्षरता, अस्थायी रूपमा सेवा बन्द गर्दा अपनाउनुपर्ने प्रक्रिया, गोपनीयता एवम् अभिलेख सुरक्षित राख्ने सम्बन्धी व्यवस्थाहरू रहेका छन् ।

(न) नेपाल राष्ट्र बैंकले विप्रेषण रकमलाई औपचारिक माध्यमबाट पारदर्शी र सुरक्षित रूपमा भित्र्याउने नीति लिएको छ । नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०७९ ले विप्रेषण कारोबार गर्दा सेवाग्राहीलाई लाग्ने विप्रेषण सेवा शुल्कसम्बन्धी विवरण सर्वसाधारणको जानकारीको लागि वेवसाइट/एप मार्फत र नेपाल राष्ट्र बैंकले तोकिदिएको माध्यमबाट प्रकाशन तथा अद्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त विनियमावलीमा विप्रेषण कारोबारसँग सम्बन्धित कुनै पनि शुल्क तथा व्ययभार हिताधिकारीबाट लिन नपाउने व्यवस्थासमेत गरिएको छ । साथै, सो विनियमावलीमा विद्युतीय माध्यमबाट विप्रेषण रकम भित्र्याउन सकिने व्यवस्था गरिएको छ ।

(प) नेपाल राष्ट्र बैंकले विप्रेषण रकमलाई सहजरूपमा वितरण वा भुक्तानी गर्ने नीति लिए अनुरूप नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०७९ जारी गरी सब-एजेण्टको कारोबार गर्न यस बैंकको इजाजत लिइरहनु नपर्ने व्यवस्था गरेको छ । सो विनियमावलीले विप्रेषण कम्पनीले सब-एजेण्ट नियुक्त गर्दा आफ्नो बाहेक अन्य विप्रेषण कम्पनीको सब-एजेण्ट भई कार्य गर्न नपाउने सर्त राख्न नपाउने व्यवस्थासमेत गरेको छ । साथै, उक्त विनियमावलीमा सब-एजेण्टको विवरण सर्वसाधारणको जानकारीका लागि वेवसाइट/एप र बैंकले तोकिदिए बमोजिम प्रकाशन गर्नुपर्ने व्यवस्था गरिएको छ । यसैगरी विप्रेषण रकमलाई Mobile Banking/ Internet Banking/ Electronic Cards, Digital Wallet आदिमार्फत समेत भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ ।

(फ) इजाजतपत्र प्राप्त “क”,“ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरेको एकीकृत निर्देशनमा विप्रेषण रकम प्राप्त भएको खातामा अन्य खातामा भन्दा १ प्रतिशत बढी ब्याज दिन सकिने व्यवस्था गरिएको छ । साथै, उक्त एकीकृत निर्देशनमा वैदेशिक रोजगारीमा जाने नेपालीको विप्रेषण बचत खातामा बैंक तथा वित्तीय संस्थाका तर्फबाट जम्मा गरिएको प्रति खाता रु. १०० सम्मको खर्च रकम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको खर्चमा समावेश गर्न सकिने व्यवस्था गरिएको छ ।

(ब) वित्तीय ग्राहक संरक्षण ऐनको आवश्यकता महसुस गरी हाल उक्त ऐनको मस्यौदा तर्जुमा कार्य भइरहेको छ ।

(भ) यस बैंक र International Finance Corporation (IFC) बीच सम्झौता भई Psychometric Scoring Solution को कृषि विकास बैंक लि. र एनआइसी एसिया लघुवित्त वित्तीय संस्था लि. मा Piloting कार्य भइरहेको छ ।

(म) देशभर वित्तीय पहुँचको नक्साङ्कन गरी Financial Inclusion Dashboard सञ्चालनमा रहेको छ ।

(य) सुरक्षित र भरपर्दो भुक्तानी प्रणालीको सुनिश्चितताका लागि Payment System Oversight Framework, 2018 जारी भएको छ ।

## विपन्न वर्गका लागि लघु कर्जा

| आर्थिक वर्ष (वि.सं.) | विवरण |
|---|---|
| २०५५/५६ | विभिन्न बैंकहरूको लगानीमा Rural Micro Finance Development Centre (RMDC) को स्थापना भएको । |
| २०५६/५७ | बैंक तथा वित्तीय संस्थाहरूले गरिब, कमजोर र वञ्चित व्यक्तिहरूलाई रु.३० हजार, रोजगारमूलक र आयआर्जन गर्ने आयोजनाका लागि रु.३० हजार ग्रामीण विकास बैंकहरूमा बैंकहरूको इक्विटी लगानी ग्रामीण विकास बैंकहरू र अन्य गरिबी निवारणसम्बन्धी विकास बैंकहरू र लघुवित्त संस्थाहरू (MFIs) लाई लघु कर्जाअन्तर्गत थप ऋण प्रदान गर्न र बैंकले सहकारी, गैरसरकारी संस्था र साना किसान सहकारी (SFCs)लाई दिने ऋण जसलाई नेपाल राष्ट्र बैंकले सीमित बैङ्किङ कारोबार सञ्चालनका लागि अनुमति दिएको । |
| २०५८/५९ | वैदेशिक रोजगारका लागि बैंक तथा वित्तीय संस्थाले एक लाख रुपैयाँसम्म ऋण दिने ।<br>लघुवित्त वित्तीय संस्थामार्फत प्रतिपरिवार रु.३० हजार लघु कर्जाको सीमा कायम भएको । |
| २०६१/६२ | लघुवित्त वित्तीय संस्थामार्फत घरेलु सोलार तथा बायोग्याँससम्बन्धी कर्जाको लागि रु.५० हजार सीमा कायम भएको । |
| २०६३/६४ | सरकारको युवा स्वरोजगार तथा रोजगार तालिम कार्यक्रमअन्तर्गत विदेश जाने कामदारलाई ऋण ।<br>वाणिज्य बैंकमार्फत नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त वित्तीय संस्था तथा सहकारीलाई थोक कर्जा प्रदान गर्ने । |
| २०६५/६६ | लघु जलविद्युत् आयोजनामा ऋण प्रवाह |
| २०६६/६७ | ऊन उत्पादनका लागि भेडापालन र एकल वा साझेदारीका आधारमा व्यक्ति र समूहले गलैंचा बुनाइ गर्ने प्रयोजनका लागि प्रतिपरिवार रु.१ लाख ५० हजारसम्मको धितो कर्जाको व्यवस्था ।<br>सिमान्तीकृत व्यक्ति तथा सानाकिसानलाई मल तथा बीउ खरिद, शीतभण्डार स्थापना, पशुपालन, साना सिँचाइ कुलो र स्यालो ट्युबवेल जडानका लागि रु एक लाख ५० हजारसम्मको धितो कर्जा उपलब्ध गराइएको । |

| | |
|---|---|
| २०६७/६८ | महिलाले सञ्चालन गरेका लघु उद्यमका लागि रु. तीन लाखसम्मको कर्जा ।<br>सामुदायिक उपभोक्ता समिति वा निजी क्षेत्रको कम्तीमा ५० प्रतिशत लगानीमा ५०० किलोवाट क्षमतासम्मका जलविद्युत् आयोजनालाई रु.एक करोडसम्मको कर्जा उपलब्ध गराइएको ।<br>ग्रामीण क्षेत्रमा सामुदायिक सिँचाइका लागि उपभोक्ता समूह वा सहकारीमार्फत प्रदान गरिने कर्जा ।<br>ट्याक्टर, थ्रेसर र अन्य कृषि उपकरण खरिदका लागि उपलब्ध गराइएको कर्जा ।<br>विपन्न क्षेत्रको आवश्यकता पूरा गर्ने कम लागतको आवास, विद्युत्, अस्पताल विस्तार गर्न कर्जा ।<br>खाद्यान्न संरक्षणका लागि सामूहिक स्वामित्वमा शीतभण्डार स्थापना गर्न प्रतिपरिवार रु. १ लाख ५० हजारसम्मको कर्जा ।<br>पशुपालन, मत्स्यपालन र मौरीपालनका लागि प्रति परिवार रु.२ लाख ५० हजारसम्मको कर्जा ।<br>विपन्न परिवारका युवालाई माध्यमिक र उच्च-माध्यमिक तहको प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनका लागि विनाधितो रु.२ लाखसम्मको कर्जा । |
| २०६८/६९ | तोकिएका मापदण्ड पूरा गर्ने ग्रामीण सामुदायिक अस्पताललाई रु.१ करोडसम्मको कर्जा । |
| २०७०/७१ | महिलाद्वारा प्रवर्धित लघु उद्यमलाई रु.५ लाखसम्मको परियोजना कर्जा |
| २०७१/७२ | महिलाद्वारा प्रवर्धित लघु उद्यमलाई रु.७ लाखसम्मको परियोजना कर्जा<br>दलित, मुक्त कमैया, बादी, हलिया, द्वन्द्व पीडित, एकल महिला, अपाङ्ग तथा जेष्ठ नागरिकहरूलाई लघुवित्त वित्तीय संस्थाबाट प्रवाह हुने विपन्न वर्ग कर्जामा लिने ब्याज दरमा १ प्रतिशत बिन्दुले सहुलियत दिने व्यवस्था । |

लघुवित्त वित्तीय संस्थाहरूले विपन्न तथा न्यून आय भएका व्यक्तिलाई सामूहिक जमानीमा लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न (प्रयोजन खुलाई) प्रति समूह सदस्य बढीमा रु.६० हजारबाट सुरु भएकोमा हाल रु.५ लाखसम्म लघुकर्जा उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ । त्यसैगरी विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यको हकमा रु.७ लाखको सीमा कायम गरिएको छ ।

विपन्न तथा न्यून आय भएका समूहमा आबद्ध भएका वा नभएका व्यक्तिहरूलाई स्वीकारयोग्य धितो लिई कृषि, लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न (प्रयोजन खुलाई) प्रतिव्यक्ति बढीमा रु.१ लाख ५० हजारबाट सुरु भएकोमा हाल रु.७ लाख रुपैयाँसम्म लघुकर्जाको सीमा कायम गरिएको छ । साथै, लघुवित्त वित्तीय संस्थाहरूबाट प्रवाह हुने कर्जाको ब्याजदरको अधिकतम सीमा १५ प्रतिशत कायम गरिएको छ ।

### भुक्तानी प्रणालीको आधुनिकीकरण

नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा सुरक्षित, स्वस्थ र सक्षम भुक्तानी प्रणालीको विकास गर्ने उद्देश्य रहेको र बैंकको काम, कर्तव्य र अधिकारमा भुक्तानी, फछ्र्यौट (क्लियरिङ) तथा हिसाब मिलान (सेटलमेन्ट) पद्धतिको स्थापना तथा प्रवर्धन गरी सो कार्यलाई नियमित गर्ने उल्लेख भएबाट भुक्तानीको क्षेत्रमा केन्द्रीय बैंकको भूमिका तथा कार्यान्वयनको पक्षलाई समेत महत्व दिएको प्रष्ट हुन्छ ।

देशको भुक्तानी प्रणालीको आधुनिकीकरणको लागि अन्य विकास साझेदारको सहयोगमा नेपाल राष्ट्र बैंकले वि.सं. २०७१ मा Nepal Payment System Development Strategy (NPSDS) तयार गरेको छ ।

राष्ट्रिय भुक्तानी प्रणालीको आधुनिकीकरण गर्ने क्रममा नेपाल राष्ट्र बैंकले पहिलो रणनीतिक योजना (२०६३-२०६७) मा अन्तर्राष्ट्रिय मापदण्डको आधारमा भुक्तानी तथा फछ्र्यौट प्रणालीको विकास गर्न जोड दिएको छ ।

वित्तीय तथा प्रणालीगत जोखिम न्यूनीकरणको लागि भुक्तानी तथा फछ्र्यौट प्रणाली विभागको स्थापनामार्फत राष्ट्रिय भुक्तानी प्रणालीको पुनरसंरचनामा विशेष पहल गरेको छ ।

Automated Clearing System को लागि वि.सं. २०६५ पुस ८ मा नेपाल क्लियरिङ हाउस लिमिटेड (NCHL) को स्थापनासँगै भुक्तानी प्रणालीको आधुनिकीकरणमा महत्वपूर्ण भूमिका निर्वाह भएको छ ।

वि.सं. २०७२ असार १७ मा भुक्तानी प्रणाली विभागको स्थापनापश्चात् Nepal Payment System Development Strategy (NPSDS) र नेपाल राष्ट्र बैंक ऐनको मर्म अनुसार आन्तरिक भुक्तानी प्रणालीको नियमन, सुपरिवेक्षण तथा अनुगमन हुने गरेको छ ।

भुक्तानी प्रणालीको निगरानीका लागि Payment System Oversight Framework, २०७४ जारी भएको छ ।

१. सानो मूल्यको भुक्तानीलाई प्रवर्धन गर्नका लागि Retail Payment Strategy, 2019 तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

२. Large Value Payment System को रूपमा सन् २०१९ देखि Real Time Gross Settlement (RTGS) भुक्तानी प्रणाली विभागले सञ्चालन गरिरहेको छ ।

३. National Payment Switch को स्थापना र सञ्चालन गर्ने जिम्मेवारी Nepal Clearing House Limited लाई दिइएको छ । उक्त परियोजनाको पहिलो चरणमा Retail Payment Switch स्थापना भई मिति २०७८/०८/०२ देखि सञ्चालनमा रहेको र दोस्रो चरणमा नेपालको आफ्नै NEPAL PAY Card प्रयोगमा ल्याउन आवश्यक कार्य अघि बढिरहेको छ ।

४. ऋण प्रवाहलाई विद्युतीय रूपमा अगाडि बढाउन Digital Lending Guildelines, 2078 समेत कार्यान्वयनमा ल्याइएको छ। QR को गुणस्तर वृद्धिका लागि Nepal QR Standardization Framework and Guidelines, २०७७ जारी भएको छ ।

५. देशको समग्र भुक्तानी समाशोधन तथा फछ्र्यौट प्रणालीको विकास, विस्तार, प्रवर्धन, निगरानी तथा नियमन गर्ने उद्देश्यले भुक्तानी तथा फछ्र्यौट ऐन, २०७५ जारी भएको छ ।

६. भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाको क्षमता अभिवृद्धि गर्नका लागि थप पुँजी व्यवस्थापन गर्न चुक्ता पुँजीको १५ प्रतिशतसम्म विदेशी लगानी भित्र्याउन सक्ने व्यवस्था भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई प्रदान गरिने अनुमति नीति, २०७९ मार्फत गरिएको छ ।

७. आ.व. २०७९/८० लाई विद्युतीय भुक्तानी वर्षको रूपमा मनाइएको थियो ।

८. केन्द्रीय बैंक विद्युतीय मुद्रा (Central Bank Digital Currency, CBDC) सम्बन्धी अध्ययन गर्न भुक्तानी प्रणाली विभागमा रहने गरी मिति २०८०/०२/०१ मा केन्द्रीय बैंक विद्युतीय मुद्रा महाशाखा (CBDC Division) स्थापना गरिएको छ ।

९. विद्युतीय कारोबारमा हुने जोखिमको पहिचान, विश्लेषण र निराकरणका लागि मागदर्शनको रूपमा वि.सं २०८० मा Cyber Resilience Guideline जारी गरिएको छ ।

१०. नेपाल र भारतबीच सहज, सुलभ र सुरक्षित विद्युतीय भुक्तानी प्रणालीको विकास गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंक र भारतीय रिजर्व बैंकबीच भारतको Unified Payments Interface (UPI) र नेपालको National Payments Interface (NPI) बीच द्विपक्षीय नियामकीय संयन्त्र स्थापना गर्ने सम्बन्धमा मिति २०८० फागुन ३ मा समझदारी भएको छ ।

### तोकिएको क्षेत्रमा कर्जा प्रवाहसम्बन्धी व्यवस्था

बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जामा सबै क्षेत्रको पहुँच पुगोस् र सन्तुलित ढङ्गले कर्जा विस्तार होस् भन्ने उद्देश्यले निर्देशन जारी भई केही तोकिएका क्षेत्रहरूमा न्यूनतम कर्जा विस्तार हुनुपर्ने व्यवस्था गरिएको छ । सोही बमोजिम “क”वर्गका वाणिज्य बैंकले २०८४ असार मसान्तसम्म कृषि, ऊर्जा र लघु, घरेलु, साना एवम् मझौला उद्यममा कुल कर्जा तथा सापटको क्रमशः १५, १० र १५ प्रतिशत कर्जा प्रवाह गर्नुपर्नेछ । त्यसै गरी, ”ख” र “ग” वर्गका वित्तीय संस्थाले कृषि, लघु, घरेलु तथा साना उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा २०८४ असार मसान्तसम्ममा क्रमशः २० प्रतिशत र १५ प्रतिशत कर्जा प्रवाह गर्नु पर्नेछ ।

### वित्तीय समावेशीकरणको लागि नेपाल राष्ट्र बैंकबाट जारी भएका निर्देशन

| आर्थिक वर्ष (वि.सं.) | निर्देशन |
|---|---|
| २०६४/६५ | दलित, महिला, आदिवासी, मधेसी, अल्पसङ्ख्यक र पिछडिएको क्षेत्रका जनतालाई वैदेशिक रोजगारीका लागि प्रदान गरिएको धितोकर्जामा वाणिज्य बैंक र विकास बैंकलाई १.५ प्रतिशतका दरले पुनर्कर्जा सुविधा उपलब्ध गराउने व्यवस्था गरिएको, जसमा बैंक तथा वित्तीय संस्थाले ४.५ प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने व्यवस्था रहेको । |
| २०६७/६८ | बैंक तथा वित्तीय संस्थाका दुई वा सोभन्दा कम शाखा भएका नगरपालिका वा गाउँपालिकामा शाखा खोल्न वित्तीय संस्थालाई आवश्यक पर्ने थप पूँजी (काठमाडौं उपत्यकाका लागि रु. दुई करोड र अन्य क्षेत्रका लागि रु.५० लाख) मा छुटको व्यवस्था रहेको ।<br>सरकारले तोकेका दुर्गम २२ जिल्लामा जिल्ला सदरमुकाम र सदरमुकाम बाहिर शाखा खोल्ने बैंक तथा वित्तीय संस्थालाई क्रमशः रु.५० लाख र रु.१ करोडसम्मको ब्याजरहित कर्जा व्यवस्था गरिएको ।<br>बैंक तथा वित्तीय संस्थाको सीमित उपस्थिति रहेका ३० जिल्लामध्ये कुनै एक जिल्लामा शाखा सञ्चालन गरेपछि मात्र बैंक तथा वित्तीय संस्थाले काठमाडौं उपत्यकामा शाखा खोल्न पाउने व्यवस्था गरिएको ।<br>बैंक तथा वित्तीय संस्थाले आफ्ना व्यावसायिक प्रतिनिधिको सहयोगमा पोइन्ट अफ ट्रान्जेक्सन (POT) मार्फत स्मार्ट कार्ड प्रयोग गरी शाखारहित बैङ्किङ सेवा सञ्चालन गर्न पाउने व्यवस्था गरिएको । |
| २०६९/७० | वैदेशिक रोजगारीबाट फर्केका वा विदेशबाट उच्च शिक्षा हासिल गरी फर्केका युवाले सञ्चालन गरेका उद्यम/व्यवसायलाई प्रदान गरिने कर्जाका लागि पुनर्कर्जा सुविधा घोषणा गरिएको । |
| २०७०/७१ | कृषि परियोजनाहरू, मूलतः कफी, सुन्तला, चिया, पशुपन्छी र दुग्धजन्य पदार्थलाई परियोजनाको धितोमा कर्जा प्रदान गर्ने व्यवस्था रहेको । |

| | |
|---|---|
| २०७१/७२ | उपभोक्ताको हकहित संरक्षणका लागि बैंक तथा वित्तीय संस्थाले आफ्ना ग्राहक तथा सर्वसाधारणलाई सम्बन्धित बैंक तथा वित्तीय संस्थामा उपलब्ध सबै वित्तीय सेवा, सबै प्रकारका खाता, कर्जा तथा वित्तीय उपकरण सम्बन्धी सूचना समावेश गरी प्रचार पुस्तिका उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको । |
| २०७२/७३ | तुलनात्मक रूपमा उच्च गरिबी रहेको क्षेत्रमा बैंक तथा वित्तीय संस्थाले शाखा खोल्नका लागि पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था हटाइएको । जसअन्तर्गत तराईका जिल्लाहरू पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरीका ११४ गाउँपालिकाहरू र ४ नगरपालिकाहरू, उच्च गरिबी भएका पहाडी १० जिल्लाहरू बाजुरा, कालिकोट, बझाङ, हुम्ला, दार्चुला, जुम्ला, डोटी, अछाम, मुगु र बैतडीलगायत र भूकम्पबाट अतिप्रभावित काठमाडौं उपत्यका बाहेकका जिल्लाहरू रहेको ।<br>विसं २०७२ वैशाख १२ गतेको भूकम्पलगत्तै भूकम्पपीडितलाई सहुलियतपूर्ण आवास कर्जा उपलब्ध गराउने नीति ल्याइएको । यस अन्तर्गत बैंक तथा वित्तीय संस्थाहरूबाट काठमाडौं उपत्यकाका बासिन्दालाई रु. २५ लाखसम्म र उपत्यकाबाहिरका बासिन्दालाई रु.१५ लाखसम्म २ प्रतिशत ब्याजदरमा कर्जा उपलब्ध गराउने र शून्य प्रतिशत ब्याजदरमा कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थालाई राष्ट्र बैंकले पुनर्कर्जा सुविधा उपलब्ध गराउने व्यवस्था कार्यान्वयन गरिएको ।<br>लघुवित्त वित्तीय संस्थाले समूह जमानीमा प्रति ग्राहक रु.३ लाख रुपैयाँसम्मको कर्जा उपलब्ध गराउने गरी यो सुविधा थप गरिएको । बैंक तथा वित्तीय संस्थाले पनि यस्तो कर्जाका लागि राष्ट्र बैंकबाट शून्य प्रतिशत ब्याजदरमा पुनर्कर्जा प्राप्त गर्न सक्ने व्यवस्था गरिएको ।<br>भूकम्प प्रभावित क्षेत्रमा व्यावसायिक कृषि तथा पशुपालन, साना तथा मझौला उद्यम तथा आय आर्जनका क्रियाकलापलाई प्रोत्साहन गर्न बैंक तथा वित्तीय संस्थालाई सडकसँग नजोडिएको खेतीयोग्य जमिन धितोमा समेत रु.१० लाखसम्म ऋण प्रवाह गर्नसक्ने गरी अनुमति दिइएको ।<br>यस बैंकबाट इजाजतपत्रप्राप्त 'क', 'ख' र 'ग'वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७५ मा मिति २०७५/११/०८ मा भएको संशोधन/परिमार्जनमार्फत वाणिज्य बैंक तथा राष्ट्रियस्तरका वित्तीय संस्थाहरूले संस्थागत सामाजिक उत्तरदायित्व कोषमा छुट्याएको रकमलाई आ.व. २०७६/७७ देखि लागू हुने गरी वित्तीय साक्षरता प्रवर्धन गर्ने लगायतका क्रियाकलापलाई प्रोत्साहित गर्न प्रत्येक प्रदेशमा न्यूनतम १० प्रतिशत हुने गरी खर्च गर्नुपर्ने व्यवस्था गरिएको । त्यसै गरी इजाजतपत्रप्राप्त 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन २०७४ मार्फत संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट सामाजिकरूपले पिछडिएको वर्गको आयआर्जन क्षमता अभिवृद्धि, वित्तीय साक्षरता, ग्राहक संरक्षणसम्बन्धी कार्यक्रममा पनि खर्च गर्न सकिने व्यवस्था गरिएको । |

| | |
|---|---|
| २०७६/७७ | यस बैंङ्कबाट इजाजतपत्रप्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंङ्क तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशनमा खोलौं बैंक खाता अभियान, २०७६ अन्तर्गत खोलिएका खातामा बैंक तथा वित्तीय संस्थाका तर्फबाट जम्मा गरिएको प्रतिखाता रु १०० (अक्षरेपी एक सय मात्र ।) सम्मको खर्च रकम सामाजिक उत्तरदायित्व कोषबाट गर्न सकिने व्यवस्था गरिएको ।<br>यस बैंकबाट इजाजतपत्रप्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशनमा बैंक तथा वित्तीय संस्थाले वित्तीय साक्षरतासम्बन्धी विविध कार्यक्रम तथा लक्षित तालिमहरू सञ्चालन गरी महिला तथा सामाजिक रूपले पिछडिएका वर्गलाई वित्तीय सेवाप्रतिको पहुँच अभिवृद्धिका लागि सामाजिक उत्तरदायित्व कोषको ५ प्रतिशत रकम खर्च गर्नुपर्ने व्यवस्था गरिएको । |
| २०७७/७८ | Nepal QR Standardization Framework and Guidelines, २०७७ जारी भएको छ । |
| २०७८/७९ | यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूका लागि वित्तीय साक्षरता रूपरेखा (Financial Literacy Framework, 2022) जारी भएको छ । साथै, सो रूपरेखा कार्यान्वयनको लागि वित्तीय साक्षरता मार्गदर्शन, २०७९ जारी भएको छ ।<br>यस बैंकबाट इजाजतपत्रप्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशनमा खोलौं बैंक खाता अभियान, २०७६ अन्तर्गत सबै नेपालीको बैंक खाता खोल्ने प्रयोजनका लागि बैंक खाता नभएका नेपाली प्राकृतिक व्यक्तिको हकमा ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा सरलीकृत ग्राहक पहिचानको प्रक्रिया अवलम्बन गर्न व्यवस्था गरिएको । |
| २०७९/८० | यस बैंकबाट इजाजतपत्रप्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंङ्क तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशनमा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृतिप्राप्त गरी वैदेशिक रोजगारीमा जाने वहाल वैदेशिक रोजगारमा रहेका नेपालीको बैंक खाता खोल्ने प्रयोजनका लागि सरलीकृत ग्राहक पहिचानको प्रक्रिया अवलम्बन गर्न व्यवस्था गरिएको साथै वैदेशिक रोजगारीमा जाने नेपालीको विप्रेषण (रेमिट्यान्स रकम) बचत खातामा बैंक तथा वित्तीय संस्थाका तर्फबाट जम्मा गरिएको प्रतिखाता रु १०० (अक्षरेपी एक सय मात्र) सम्मको खर्च रकम सामाजिक उत्तरदायित्व कोषबाट गर्न सकिने व्यवस्था गरिएको ।<br>एकीकृत निर्देशन, २०८० को १४(१) को (५) मा अनुमतिपत्रप्राप्त संस्थाले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ७च तथा सम्पत्ति शुद्धीकरण निवारण नियमावली, २०७३ को नियम ९ बमोजिम वार्षिक रु.एक लाख सम्मको कारोबार गर्ने मर्चेण्टलाई आबद्ध गर्दा सरलीकृत ग्राहक पहिचानको प्रक्रिया अवलम्बन गर्न सक्ने व्यवस्था गरिएको । |

## वित्तीय समावेशीकरणका लागि नेपाल सरकारबाट भएका कार्य

१. नेपाल राष्ट्र बैंक ऐन, २०५८ जारी गरे पश्चात् केन्द्रीय बैंकको भूमिका, उत्तरदायित्व र स्वायत्ततामा थप सहयोग पुगेको छ । साथै ऐनमा भएको दोस्रो संशोधनले मुलुकको दिगो विकासमा सहयोग पुग्ने गरी मूल्य र शोधनान्तर स्थिरता तथा समग्र वित्तीय क्षेत्रको स्थायित्व कायम गर्न राष्ट्र बैंकको भूमिका र दायित्वलाई अझ बढी स्पष्ट पार्नुका साथै समस्याग्रस्त संस्थाहरूको फरफारकको कार्य गर्ने अधिकार नेपाल राष्ट्र बैंकले पाएको देखिन्छ ।

२. सरकारको आर्थिक उदारीकरण नीति अवलम्बन भए सँगै संयुक्त विदेशी लगानी (Foreign Joint Venture) बैंकको रूपमा वि.सं.२०४१ मा नेपाल अरब बैंक लि. (हालको नविल बैंक लि.), वि.सं.२०४२ मा नेपाल इन्डोस्वेज बैंक लिमिटेड (हालको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड) र वि.सं.२०४३ मा नेपाल ग्रिण्डलेज बैंक लिमिटेड (हालको स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड) को स्थापना भएको हो । Foreign Joint Venture बैंकको स्थापना भएसँगै आधुनिक बैङ्किङ सेवा, प्रविधि तथा व्यवस्थापकीय सीप समेत भित्रिएको पाइन्छ ।

३. वित्तकम्पनी ऐन, २०४० जारी, आ.व. २०४९/५० मा ग्रामीण विकास बैंक मोडल बमोजिम तत्कालिन पाँचै विकास क्षेत्रमा ग्रामीण विकास बैंकको स्थापना र वि.सं. २०५२ मा विकास बैंक ऐन जारी भएको थियो ।

४. तोकिएको क्षेत्रमा बैंक तथा वित्तीय संस्थाले लगानी गरेको कर्जा ऋणीबाट असुल उपर हुन नसकेमा बैंक तथा वित्तीय संस्थालाई क्षतिपूर्ति दिन कर्जा सुरक्षण कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले वि.सं. २०३१ मा कर्जा सुरक्षण निगम प्रा.लि.को रूपमा स्थापना भएको थियो ।

५. कुनै कारणले बैंक तथा वित्तीय संस्थाहरूले निक्षेपकर्ताहरूको रकम फिर्ता गर्न नसक्ने स्थिति उत्पन्न भएमा निक्षेपकर्ताको तोकिएको हदसम्मको निक्षेप फिर्ता गरी वित्तीय क्षेत्रप्रति आम जनसाधारण र सरोकारवालापक्षको दीर्घकालीन विश्वास कायम राख्ने उद्देश्यले वि.सं. २०६७ सालबाट निक्षेप सुरक्षण गर्ने कार्यको थालनी गरेको थियो ।

६. वि.सं. २०७३ मा निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन २०७३ लागू भएपछि कम्पनी ऐन बमोजिम स्थापित निक्षेप तथा कर्जा सुरक्षण निगम प्रा.लि. हालको निक्षेप तथा कर्जा सुरक्षण कोषमा स्वतः रूपान्तरण भएको हो ।

७. सरकारी बैंकहरूको वित्तीय अवस्था खस्कँदै गई निष्कृय पुँजी बढ्दै जाने क्रम बढेकोले नेपाल सरकार, विश्व बैंक र एसियाली विकास बैंकको संयुक्त सहभागितामा वि.सं.२०५७ देखि एकीकृत वित्तीय क्षेत्र सुधार कार्यक्रम लागू भयो । यसअन्तर्गत नेपाल राष्ट्र बैंक, नेपाल बैंक लि. र राष्ट्रिय वाणिज्य बैंक लि.को संरचनागत सुधार कार्यक्रम सञ्चालन भयो ।

८. नेपाल सरकारको पहलमा आयोजना–केन्द्रित (Project-Based) लघुवित्त नमूना कार्यक्रमहरू कार्यान्वयन भएका थिए । जसअन्तर्गत पश्चिम तराई गरिबी निवारण आयोजना, सामुदायिक भूमिगत जल सिंचाई सेक्टर आयोजना, तेस्रो पशु विकास आयोजना, ग्रामीण महिलाका लागि उत्पादनशील कर्जा कार्यक्रम, महिलाका लागि लघु कर्जा परियोजना सञ्चालनका लागि दातृ निकाय र नेपाल राष्ट्र बैंकसँग सम्झौता भएको थियो । हाल ग्रामीण क्षेत्रमा वित्तीय पहुँच कार्यक्रम (Sustainable Economic Development in Rural Areas SEDRA I,II,III) सञ्चालनमा रहेको छ ।

९. वित्तीय समावेशीकरणको थप आयामका लागि कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोषसँगै सामाजिक सुरक्षा कोषको स्थापनाले पनि भूमिका खेलेको छ । श्रम ऐन, २०७४ ले सबै प्रकारका निकायहरूले आफ्ना कामदार तथा कर्मचारीहरूलाई पारिश्रमिक भुक्तानी गर्दा अनिवार्य रूपमा बैंक खाता प्रयोग गर्नुपर्ने कानुनी व्यवस्था तथा वि.सं.२०७७ सालदेखि सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिको बैंक खातामा सिधै भुक्तानी गर्न सकिने व्यवस्था गरेको छ ।

१०. मिति २०७०/०९/०८ को मन्त्रीस्तरीय निर्णयअनुसार नेपाल सरकारको निवृत्तभरण बैंक खातामार्फत मात्र भुक्तानी गर्ने कार्य भइरहेको छ ।

११. वि.सं. २०७६ वैशाख १ गतेबाट "खोलौं बैंकखाता" अभियान अन्तर्गत "समृद्धिसँग जोडौं नाता, सबै नेपालीको बैंक खाता" नाराका साथ बैंक खाता नभएका नेपाली नागरिकका लागि खाता खोल्ने नीतिको कार्यान्वयन भएको छ ।

१२. नेपाल सरकारले व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा, शिक्षित युवा स्वरोजगार कर्जा, विदेशबाट फर्केका युवा परिचालन कर्जा, महिला उद्यमशील कर्जा, दलित समुदाय विकास कर्जा, उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा, भूकम्प पीडितहरूको लागि निजी आवास निर्माण कर्जा, कपडा उद्योग सञ्चालन कर्जा, प्राविधिक शिक्षा तथा व्यावसायिक परिषदबाट मान्यताप्राप्त संस्थाबाट लिइने तालिमको लागि कर्जा र युवा वर्ग स्वरोजगार कर्जामा ब्याज अनुदान दिने प्रयोजनको लागि सहुलियतपूर्ण कर्जा कार्यविधि-२०७५ जारी गरेको र सोहीबमोजिम ब्याज अनुदानसमेत उपलब्ध गराउँदै आएको छ ।

*****